# माग पत्र

सम्मानिय प्रधान मन्त्री ज्यु मिति: २०७४।१२।३०
टुरमुकाम डोल्पा
त्रिपुरासुन्दरी नगरपालिका डोल्पा ।

सम्मानिय प्रधान मन्त्री ज्यु टुरमुकाम सँलग्न माननीय मन्त्रि ज्यु

डोल्पा जिल्ला भुगोलको आधारमा सबै भन्दा ठुलो र दुरदराजमा अवस्थित सम्भावना र चुनौतीसँग लडाईको वीचमा छ । युगौदेखि राजनीति उथलपुथल हुँदा पनि परिणाममुखि परिवर्तन आउन सकेन । आज मुलुकले परिवर्तन गरि संविधान पाएको छ । दुई दशक संक्रमण कालिन अवस्था पार गरेर मुलुकले जननिर्वाचित संघ, प्रदेश र स्थानीय तहहरुमा सरकार पाएका छन् । सिंहदरबारको अधिकार घर आँगनमा पुगेको छ । केन्द्रिकृत शासन ब्यबस्था विकेन्द्रित भएको छ । सबै तहमा अधिकारको प्रत्याभुति गर्न कानुन नियमको महसुस भएको छ । वि.सं.२०७४ सालको विभिन्न मितिमा सम्पन्न निर्वाचन परिणामले आज वाम विचको बहुमतको सरकार निर्माण भएको छ । हाम्रो गौरबशाली पार्टी नेकपा (एमाले) का अध्यक्ष, संसदिय दलका नेता दुरदर्शि विचारक स्वाभिमान र राष्ट्रवादी आदर्णिय कमरेड के पी शर्मा ओली ज्यु यो मुलुकको प्रधानमन्त्रि हुनु भएकोमा हामी समस्त डोल्पाबासी गौरवका साथ हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ब्याक्त गर्दछौ । हामी डोल्पालीको समस्या बुझ्न् र कठिनाईका गाँठाहरु फुकाउन हामीले यस डोल्पाको भ्रमणलाई औचित्य र अर्थपुण महशुस गरेकाछौ । यस डोल्पा जिल्लालाई नयाँ काँचुली फेर्न र जनताको मुहार परिवर्तन गर्न अल्पकालिन र दिर्घकालिन योजनाहरु समाविष्ट हुने र डोल्पाको आर्थिक विकास र समृद्र रुपान्तरीत जिल्ला बनाउन सम्मानिय प्रधानमन्त्रि ज्युको ध्यानाकर्षण हुनेमा हामी विश्वस्त छौ । यहाँको कर्णाली भ्रमण कर्णाली रारा महोत्सव सफलताको कामना गर्दै यो माग पत्र पेश गर्दछौ । हामी सम्पूर्ण डोल्पाली अभिवादन व्यक्त गर्दैछौ ।

सम्मानिय प्रधान मन्त्रि ज्यु समक्ष डोल्पाबासी निम्न मागको सम्बोधन हुने आशा गर्दछौ ।

**१.सडक**
**२.सञ्चार**
**३.कृषि**
**४.पर्यटन**
**५.जल, उर्जा तथा वैकल्पिक उत्पादन**
**६.जडीबुटी, फलफूल तरकारीजन्य र पशुपालन, बस्ती विकास ।**
**७.शिक्षा**

**१,सडक**

क, जाजरकोट – डोल्पा राष्ट्रिय गौरवशाली योजनामा समाविष्ट गरी तदारुकता हुनु पर्ने ।

ख, दक्षिण उत्तर जमुना बाँकेदेखि डोल्पा धो, तिन्जे मोरिम्ला सडकलाई सडक निर्माण तथा मोरिम्ला तिव्वत नाका सञ्चालन गरी तिन्जेमा स्थायी भान्सार चेक पोष्ट स्थापना गरीदिन हुन,

ग, डोल्पा त्रिवेणी + काईगाऊ + त्रिपुराकोट रिङ्गरोड निर्माणका लागि आवश्याक वजेट ब्याबस्थापन हुनु पर्ने ।

घ, डोल्पालाई बजारिकरण गर्न केवलकारको अवधारणा राष्ट्रिय बहुउदेश्यीय योजनामा समावेश हुनु पर्ने

ङ, जाजरकोट डोल्पा सडकको वीचवीचमा मोटरेवल पुलहरु निर्माणका लागि योजनामा समावेश गरी निर्माणका कार्यका लागि आवश्यक व्यावस्था गरिदिन हुन ।

**२, सञ्चार**

क, डोल्पा जिल्लाका विभिन्न स्थानिय निकाय तथा बस्तिलाई समेटने गरी BTS क्षमता वढाई प्रत्येक स्थानिय निकायमा ADSL सहित 3G र 4G पहुजको व्यावस्था गरिदिन हुन ।

**३,कृषि**

क, परम्परा खेतीलाई आधुनिकीकरणमा रुपान्तरित गर्न गह्रा चक्ला बन्दी,सिँचाई ,थोपा सिचाई,हिम पोखरी,प्राङ्गारीक तथा कम्पोष्ट मल उत्पादन, आधुनिक कृषि औजार, अर्गानिक बीउ विजनको ब्याबस्थापन गर्न विशेष कर्णाली कृषि कार्यक्रम लागु गरी दिनु हुन ।

**४,पर्यटन क्षेत्रको विकास**

क, हाल उडान भैरहेको वाहेक लुम्वीनी भैरहवा डोल्पा, पोखरा डोल्पा, सुर्खेत डोल्पा र जुम्ला डोल्पा पर्यटन हवाई उडान ब्याबस्था गरी दिनु हुन ।

ख, पर्यटनका लागि आबश्यकीय बस्तु स्थानीय रुपमा ब्यबस्था र पर्यटन आधार स्वरोजगार र पर्यटनका लागि आबश्याक आवासहरु, क्याम्पसाइड, स्कटिङ, प्याराग्लाइड, राफ्टीङ, गाउँ सास्कृतिक कार्यक्रम र स्थानीय सास्कृति झल्काउने सँग्रहालयको लागि विशेष राष्ट्रिय चासोको विषय बनाई दिनु हुन ।

ग,पर्यटनका लागि पर्यटकीय मार्गको विस्तारित विकास हुनु पर्ने ।

(१) मुड्केचुला त्रिवेणी, जगदुला कायगाउँ, कागमारा पास हुदै फोक्सुण्डो ताल, शे गुम्बा, साल्दाङ, तिन्जे, मोरिम्ला भन्ज्याङ पर्यटकीय मार्ग निर्माण हुनुपर्ने ।

(२) त्रिपुरासुन्दरी नगरपालिका वडा नँ. १ भैरवी गँगा ताम्रासी नदी साँस्कृतिक धरोहर त्रिपुरासुन्दरी, राजारानी पौराणिक क्षेत्र रुम शिवालय धार्मिक बनक्षेत्र, रसी टसीरोम्जे महाकाल गुम्बा हुदै मृगस्थली लारीओडार, जिलास हुदै फोक्सुण्डो ताल पर्यटकीय मार्ग निर्माण ।

(३) त्रिपुराकोट, दुनै, शहरतारा, धो, साल्दाङ क्याटो भन्ज्याङ्ग पर्यटकीय मार्ग निर्माण ।

(४) त्रिपुरा सुन्दरी माता, भैरवी  गँगा ताम्रासी नदी, छल मष्ट भवानी मन्दिर, करेलीकाँडाको पुरानो वोन धर्मका सिप्पुक्याल्मु सिक्याल गुम्बा, विक्रमशाही महाराज राजदरवार हुदै, मुकुटेश्वर दुधकुण्डली तिर्थस्थल,र मृगस्थली पाटन हुदै फोक्सुण्डो तालसम्म पर्यटकीय पद मार्ग निर्माण हुनु पर्ने ।

(५) शहरतारा, छार्का, हुदै मुस्ताङ्ग जाने पर्यटकीय मार्ग निर्माण ।

(६) डोल्पा शहरतारा, ठाँगे लेक हुदै रुकुम दुले पेल्मा, यामखार, सिद गाँउ हुदै सलपाखा ढोरपाटन जाने पर्यटकीय मार्ग निर्माण ।

(७) मुटकेचुला गाउपालीका अन्त्रगत मुटकेचुला तिर्थ स्थल लाई आन्तरिक पर्यटन मार्गमा जोडिदिन हुन ।

(८) पर्यटन प्रवधनका लागि आगमि बर्ष २०७५ मा फोक्सोण्डो पर्यटन महोत्सव मनाउनका लागि आवश्यक गरिदिन हुन ।

(९) आबश्यकीय पर्यटकीय आर्कषण क्षेत्र–

ताल– फोक्सुण्डो, जगदुला, दुधकुण्ड, सुनदह, खानी दह, छमकुनी ताल, चोधार ताल र नाक्षिर ताल आदि ।

मठ मन्दिर –त्रिपुरा सुन्दरी, शे गुम्बा, छल मष्ट भवानी, ब्यास गुफा, मष्ट भवानी गल्ली, सिप्पुक्याल्मु सिक्याल वोन गुम्बा करेलीकाँडा, टसि रोम्जे महाकाल गुम्बा रसी, लगायत विभिन्न गुम्बा र मन्दिर ।

झर्ना – सुलिगाड, खालीवन, घट्टेखोला, लैनी, खोरखोला आदि ।

हिमाल –धवलागिरी, चुरेन, पुथा, कान्जीरुवा, मुकुटेश्वर र शाहीक्वारी हिमाल(घागरीय हिमाल) आदि ।

निकुञ्ज –नेपालको सवै भन्दा ठुलो शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज

भन्ज्याङ –नाटम भन्ज्याङ, पिदु भन्ज्याङ, क्याटो र मोरिम भन्ज्याङ र मेनाङ्ग  भन्ज्याङ ।

गुफा – सुप्पा कुना गुफा १५० मिटर मुड्केचुला ८ ओक्ट ।

उच्च मानव वस्ती – धो, छार्का उच्च मानविय वस्ति ।

१०, मदन आश्रित स्मृति भवन निर्माण

**५,जल विधुत तथा वैकल्पिक उर्जा**

क, जगदुल्ला गाउँपालिका अन्तरगत कागवेणी जगदुल्ला नदी काईगाउबाट मुड्केचुला ४ ईलमा प्राथमिक सर्भे भई सकेको र त्याहाँबाट ७५ मेगावाट विधुत निर्माणको कार्य सम्बन्धित कम्पनीलाई तत्काल सुरु गर्न लगाउनु पर्ने ।

ख, हाल भैरहेको जैरेगार लघु जल विद्युत लाई स्थर वृद्धि गरी, सुलीगाड, छलगाड, आखे खोला र रुपगाडलाई विधुतीय उर्जा उत्पादन गर्न आवश्याक परिक्षण गरि सञ्चालनको लागि व्यावस्था गरिदिन हुन ।

ग, भोटक्षेत्रमा वैकल्पिक उर्जाको ब्याबस्थाका लागि आबश्याक पहलका साथ कार्यान्वयन पक्ष अगाडी बढाई दिनुहुन ।

घ,जल प्रकोपबाट सुरक्षित गराउन भुक्षयबाट बचाउन विशेष आयोजना लागु गरि दिनु हुन ।

**६.जडीबुटी, फलफूल तरकारीजन्य र पशुपालन, बस्ती विकास ।**

क, फलफुल, स्याउ,अँगुर,नास्पाती, ओखर, आरु आदिको आबश्याक हावापानी अनुकुलता अनुसार खेती प्रणाली,सँरक्षित र प्रवर्धन तथा बजारिकरणको ब्याबस्थामा जोड् दिनु पर्ने र जडिबुटी विस्तार ,सँकलन,प्रशोधन र प्रवर्धनका लागि उद्योगको स्थापना गरिदिन हुन ।

ख,पशुजन्य वस्तु र तरकारीजन्य बस्तुको उचित मापदण्ड तयार गरी त्यसको ब्याबस्थापन र भण्डारणको ब्याबस्था गरिनु पर्ने ।

**७.शिक्षा**

क, प्रत्येक नगरपालीका र गाउपालीकाहरुमा बहुउद्धेश्य प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक नितिगत रुपमा व्यावस्था गरिदिन हुन ।

ख,महिला,दलित,जनजाती,पिछडको वयोवृद तथा क्षमतामुलक विकास र रोजगारको ब्याबस्था गरिदिनु हुन ।

उपरोक्त पर्यटकका लागि आर्कषण क्षेत्र रहेको र विविधताका धनी डोल्पालाई समुचित व्याबस्था भएमा डोल्पा नेपालकै एक गहणा हुनेमा दुइमत हुदैन होला अत यस खाल्का पर्यटकीय आर्कषण क्षेत्रलाई विकास र प्रवर्धन गर्न र अन्य उल्लेखिय विषय वस्तुलाई गम्भीरतापूर्वक सम्मानिय प्रधानमन्त्रि ज्यु समक्ष नव बर्ष २०७५ को मङगलमय शुभकामना सहित डोल्पाको माग पत्र पेश गर्दछौ ।